नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाण्डौ ।

मिति: २०७६/०१/०९

## प्रेस नोट

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय काठमाडौंबाट मोबाइल प्रयोगशाला भ्यान परिचालन गरी मिति २०७६/०१/०८ र ०९ गते काठमाडौं उपत्यकाका विभिन्न स्थानमा अनुगमन गरी निम्नानुसारको कारबाही गरियो ।

१. मिति २०७६/०१/०८ गते गोंगबू स्थित विभिन्न ४ होटल, २ रेष्टुरेण्ट, ४ गुँदपाक पसल र १ प्रशोधित पानीको डिपो अनुगमन गर्दा गुप्ता गुँदपाक भण्डार गोंगबूबाट गुँदपाकको प्याकेटमा गलत अनुज्ञापत्र नम्बर राखेको पाइएकोले २०० ग्रामका २८ प्याकेट तथा १०० ग्रामका २७ प्याकेट गुँदपाक जफत गर्नुका साथै होटेल रेष्टुरेण्टमा सरसफाइमा सुधार गर्न मौखिक निर्देशन दिइयो।

२. मिति २०७६/०१/०९ गते सूर्यविनायक भक्तपूर स्थित विभिन्न खाद्य उद्योग तथा पसलहरुको अनुगमन गरी निम्नानुसारको कारबाही गरियो ।

- हाडा आइसक्रिम एण्ड बेकरी सूर्यविनायकको अनुगमन गरी मिति समाप्त भएको खाद्य योगशिल नष्ट गर्नुका साथै उद्योगमा सरसफाइमा सुधार गर्न निर्देशन दिइयो ।
- कन्ट्रीफूड्स प्रा लि सूर्यविनायकको अनुगमन गरी प्रयोगशालामा दूधको परीक्षण गर्दा मापदण्ड भित्रै पाइएको र सरसफाइमा सुधार गर्न निर्देशन दिइएको ।
- कन्ट्री कन्फेक्सनरी प्रा लि सूर्यविनायकको अनुगमन गर्दा भण्डार कक्ष अव्यवस्थित र उत्पादन कक्षमा सरसफाइको कमि रहेकोले भण्डार कक्षलाई व्यवस्थित गर्न तथा उत्पादक कक्षको सरसफाइमा सुधार गर्न निर्देशन दिइयो ।
- सैंजु दही भण्डार च्याम्हसिंको अनुगमन गरी सरसफाइमा सुधार गर्न निर्देशन दिइयो ।
- हाडा आइसक्रिम जगातीको अनुगमन गर्दा उत्पादन कक्षमा सरसफाइमा कमि रहेकोले सरसफाइमा सुधार गर्न निर्देशन दिइयो ।
- विकास किराना स्टोर जगातीको अनुगमन गरी खाद्य वस्तुको लेवल हेरेर उपभोग्य मिति अनुसार बिक्रीवितरण गर्न सुझाव दिइयो ।

पूर्णचन्द्र वस्ती
प्रवक्ता

इमेल: info@dftqc.gov.np , Web: www.dftqc.gov.np, फोन: ४२६२७३९, ४२६२३६९ फ्याक्स: ४२६२३३७